# जानकी गाँउपालिकाको कार्यालय

## मानपुर, बाँके

२०८३/०८४

## स्वतः प्रकाशन

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसारको प्रयोजनको लागि जानकी गाँउपालिका को कार्यालय ,बाँकेसँग सम्बन्धित २०८३ वैशाख १ देखि असार ३२ सम्मका सूचनाहरु ।

## (१) सूचना सार्वजनिक गर्ने निकाय /जानकी गाँउपालिकाको स्वरुप र प्रकृतिः

साविक मध्यपश्चिमाञ्चल बिकास क्षेत्रको केन्द्र बिन्दु तथा लुम्बिनी प्रदेश एक प्रमुख औधोगिक,ब्यापारिक र कृषि योग्य स्थल शहर बाँके जिल्लामा अवस्थित जानकी गाउँपालिका पनि एक व्यापारिक तथा औधोगिक क्षेत्रमा प्रचिलित ठाउँ हो र यसको क्षेत्र सुर्खेत रोड नेपालगंज एयरपोर्ट मनिकापुरको सीमाना देखि खजुरा रोड हुँदै साईगाउँ भारतको सीमाना सँग जोडेको देखाउछ |

यस गाउँपालिकामा जम्मा वडा ६ वटा रहेको छ र यस गाउँपालिकाको कुल क्षेत्रफल ६३.३२ वर्ग किलोमिटर रहेको छ |राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार जानकी गाउँपालिकाको कुल जनसंख्या ४६५३६ रहेको छ जस मध्य पुरुषको जनसंख्या २३३८६ र महिला जनसंख्या २३१५० रहेको छ । जानकी गाउँपालिकाको कुल घरधुरी संख्या ७२६३ र परिवार संख्या जम्मा ९१२४ रहेको छ |यस गाउँपालिकाको मुख्य बजार पिप्रहवा चोक र मानपुर मानिन्छ |यस जानकी गाउँपालिका क्षेत्रसंग सिमाना जोडिएका ठाउँहरु पूर्वमा— नेपालगंज, पश्चिममा— खजुरा सिमाना, उत्तरमा— कोहल्पुर, र दक्षिणमा - भारतको सिमाना रहेका छन ।

कुल क्षेत्रफलः ६३.३२ वर्ग कि.मी., जम्मा वडा : ६ वटा ,कुल जनसंख्या : ४६५३६,पुरुष जनसंख्या : २३३८६,महिला जनसंख्या : २३१५० र कुल घरधुरी : ७२६

## (२) जानकी गाँउपालिकाका काम, कर्तव्य र अधिकारः

यस जानकी पालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय कानूनहरु र लुम्विनी प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन,नियम तथा अन्य कानूनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं गाँउपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोके बमोजिमको काम, कर्तव्य र अधिकारबाट निर्दिष्ट छ ।

## (३) निकायमा रहने कर्मचारी विवरणः

यस गाँउ पालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समूह, तह समेतको विस्तृत विवरण तस्विर सहितको र गाँउपालिकाको संगठन संरचना समेत गाँउ सभाबाट स्वीकृत भएबमोजिम कार्यान्वयनमा रहेकोछ । यस गाँउपालिकामा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण संक्षिप्तमा जानकी गाँउपालिकाको वेबसाइट https://janakimunbanke.gov.np// मा समेत राखिएकोछ ।

## (४) यस गाँउपालिकाबाट प्रदान गरिने सेवाहरुः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र लुम्विनी प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु गाँउपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा जानकी गाँउपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

## (५) यस गाँउपालिकाका विभिन्न महाशाखा तथा शाखाका र जिम्मेवार अधिकारीः

यस गाँउपालिकाबाट सेवा सुविधा प्रवाह गर्न समितिहरु, शाखाहरु, ०६ वटा वडा कार्यालयहरु रहेका छन् । गाँउपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण जानकी गाँउपालिकाको वेबसाइट https://janakimunbanke.gov.np// मा उल्लेख गरिएको छ ।

## (६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस गाँउपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समय अवधी विवरण जानकी गाँउपालिकाको हरेक आर्थिक वर्षका लागि गाँउ सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानुन, समेतबाट निर्धारण गरिन्छ । यस संम्वन्धी व्यवस्था सेवाग्राहीको जानकारीका लागि नागरकि वडापत्र तथा जानकी गाँउपालिकाको वेबसाइट https://janakimunbanke.gov.np// मा उल्लेख गरिएको छ


## (७) निर्णय गर्ने प्रक्रिया र अधिकारी:

यस जानकी गाँउपालिकाको गाँउ सभा गाँउकार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको

## <u>जानकी गाँउपालिकाको स्वीकृत संगठनात्मक चार्ट</u>

अनुसूची २

**जानकी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालयको नया संगठन संरंचना .**



अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त गाँउ सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ। गाँउ पालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य गाँउ सभा र गाँउ कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, शहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ।

### (८) निर्णय उपर उजुरी सुन्ने अधिकारी:

यस गाँउपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट गुनासो सुनुवाईको व्यवस्था गरिएको छ।

## (९) सम्पादन गरेको कामको विवरण:

यस गाँउपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा गाँउपालिकाले यस आर्थिक वर्षको २०८३ वैशाख १ गते देखि २०८३ असार मसान्त सम्म देहाय बमोजिमको कार्यहरु सम्पन्न गरेको छ ।

## ❖ प्रशासन व्यस्थापन **तथा जनशक्ति व्यवस्थापन शाखा,**

प्रशासन तथा जनशक्ति विकास शाखाको विविरण २०८२ कार्तिक महिना देखि पुष महिना सम्मको

- कार्यरत कर्मचारीको तहमिलान तथा तहबृदिको काम गरिएको ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट आएका विमिन्न पत्रहरुको प्रतिउत्तर पठाएको ।
- आ.ब. २०८२/८३ को कार्यसम्पादन मुल्यांकन गरिएको ।
- कर्मचारीहरु विदा र भ्रमण आदेशको विवरण राखिएको।
- कर्मचारीहरु पालो पहराको व्यवस्था गर्ने ।
- जनस्वास्थ्य अधिकृत\कविराज र अनमी पदहरुको लागि विज्ञापन गरिएको ।
- एम्बुलेन्स सेवा रेकर्ड — ७३ जनालाइ सेवा दिएको .

जानकी गाउपालिका मानपुर बाँके

कर्मचारी विवरण

| पद | सेवा, समूह/उपसमूह | स्वीकृत दरवन्धी संख्या | पदपूर्ति संख्या | रिक्त संख्या | गा.पा बाट सिर्जित थप करार/अस्थायी/ ज्यालादारी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | प्रशासन/सा.प्र. | १ | १ | | | |
| शाखा अधिकृत(शिक्षा) | शिक्षा प्रशासन | १ | १ | | | |
| इन्जिनियर | ईन्जि./सिभिल | १ | | १ | १ | |
| लेखा अधिकृत | प्रशासन/लेखा | १ | १ | | | |
| कृषि विकास अधिकृत | कृषि/एगृ.इको | १ | | १ | | लोक सेवा आयोगमा माग गरेको |
| पशु चिकित्सक | कृषि/भेटेरीनरी | १ | | १ | | लोक सेवा आयोगमा माग गरेको |
| अधिकृत (प्रशासन) | प्रशासन/सा.प्र. | २ | २ | | | |
| अधिकृत(पशूसेवा) | कृषि/भेटेरीनरी | १ | १ | | | |
| सिअहेव अधिकृत | स्वा./हे.ई. | १ | १ | | | |
| सिअनमी निरीक्षक | स्वा./प.हे.न. | १ | १ | | | |
| सहायक (प्रशासन) | प्रशासन/सा.प्र. | ६ | १ | २ | | पालिकामा १ र वडामा ३ जना कार्यरत र बाँकी २ रिक्त |
| लेखा सहायक (लेखा) | प्रशासन/लेखा | १ | १ | | | |
| आन्तरिक लेखा परिक्षक | प्रशासन/आलेप | १ | | १ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कम्प्युटर अपरेटर(विविध) | विविध | १ | १ | | क.अ-/स.क.अ-५ | |
| प्रा.स.(शिक्षा) | शिक्षा प्रशासन | १ | १ | | | |
| सव इन्जिनियर | सिभिल | १ | १ | | १ | प्रधानमन्त्री रोजगार तर्फ १ पालिकाले व्यहोर्ने गरी |
| अ.सव इन्जिनियर | सिभिल | १ | १ | | | |
| प्रा.स.(कृषि) | कृषि/वालिसंरक्षण | २ | १ | १ | | |
| ना.प्रा.स.(कृषि) पाँचौ | कृषि/एगृ.इको | १ | १ | | | स्तरवृर्दि भएको |
| म.वि.नि./स.म.वि.नि. | विविध | १ | ३ | | | २ जना फाजिल |
| खा.पा.स.टे. | सिभिल/स्यानिटरी | १ | १ | | | |
| ना.प्रा.स. | कृषि/भेटेरीनरी | २ | १ | १ | | |
| सर्वक्षक।अमिन | | | | | ३ | १ सर्वेक्षक २ अमिन |
| सवारी चालक | | | | | ५ | १ स्थायी ४ करार |
| स्वीपर | | | | | १ | |
| ज्यालादारी | | | | | १ | |
| का स | | | | | १८ | पालिका तर्फ |
| चौकिदार | | | | | १ | |
| माली | | | | | १ | |
| **जम्मा** | | **30** | **11** | ८ | ३७ | |

वडा कार्यालय तर्फ **(वडा नं.१)**

| **पद** | **सेवा, समूह/उपसमूह** | स्वीकृत दरवन्धी संख्या | **पदपूर्ति संख्या** | **रिक्त संख्या** | **गा.पा बाट सिर्जित थप करार/अस्थायी/ ज्यालादारी संख्या** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| वडा सचिव | प्रशासन/सा.प्र. | १ | १ | | | सहायक प्रशासकीय अधिकृत |
| सहायक | प्रशासन/सा.प्र. | १ | १ | | | स्थानीय स्थायी |
| स.इन्जिनियर | ईन्जि/सिभिल | १ | १ | | | स्थायी |
| स.क. | | | | | १ | |
| भेटेरीनरी प्राविधिक | | | | | १ | |
| मेलमिलाप संयोजक | | | | | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| का स | | | | | ३ | |
| **जम्मा** | | **३** | **३** | | ६ | |
| वडा कार्यालय तर्फ **(वडा नं.२)** | | | | | | |
| **पद** | **सेवा, समूह/उपसमूह** | स्वीकृत दरवन्धी संख्या | **पदपूर्ति संख्या** | **रिक्त संख्या** | **गा.पा बाट सिर्जित थप करार/अस्थायी/ ज्यालादारी संख्या** | **कैफियत** |
| वडा सचिव | पाँचौ विविध | १ | १ | | | **(महिला विकाश)** |
| स.इन्जिनियर | ईन्जि/सिभिल | १ | १ | | | स्थायी |
| स.क | | | | | १ | |
| भेटेरीनरी प्राविधिक | | | | | १ | |
| मेलमिलाप संयोजक | | | | | १ | |
| का स | | | | | ३ | |
| **जम्मा** | | **२** | २ | 0 | ६ | |
| वडा कार्यालय तर्फ **(वडा नं.३)** | | | | | | |
| **पद** | **सेवा, समूह/उपसमूह** | स्वीकृत दरवन्धी संख्या | **पदपूर्ति संख्या** | **रिक्त संख्या** | **गा.पा बाट सिर्जित थप करार/अस्थायी/ ज्यालादारी संख्या** | **कैफियत** |
| वडा सचिव | प्रशासन/सा.प्र. | १ | १ | | | |
| स.इन्जिनियर | ईन्जि/सिभिल | १ | १ | | | स्थायी |
| स.क | | | | | १ | |
| भेटेरीनरी प्राविधिक | | | | | १ | |
| मेलमिलाप संयोजक | | | | | १ | |
| का स | | | | | ३ | |
| **जम्मा** | | **२** | **२** | | ६ | |
| वडा कार्यालय तर्फ **(वडा नं.४)** | | | | | | |
| **पद** | **सेवा, समूह/उपसमूह** | स्वीकृत दरवन्धी संख्या | **पदपूर्ति संख्या** | **रिक्त संख्या** | **गा.पा बाट सिर्जित थप करार/अस्थायी/ ज्यालादारी संख्या** | **कैफियत** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा सचिव | प्रशासन/सा.प्र. | १ | १ | | | **सहायक प्रशासकीय अधिकृत** |
| अ=स.इन्जिनियर | ईन्जि/सिभिल | १ | १ | | १ | |
| स.क. | | | | | १ | |
| कार्यालय सहायक | | | | | १ | |
| भेटेरीनरी प्राविधिक | | | | | १ | |
| मेलमिलाप संयोजक | | | | | १ | |
| का स | | | | | २ | |
| **जम्मा** | | **२** | **२** | | ७ | |
| वडा कार्यालय तर्फ **(वडा नं.५)** | | | | | | |
| **पद** | **सेवा, समूह/उपसमूह** | स्वीकृत दरवन्धी संख्या | **पदपूर्ति संख्या** | **रिक्त संख्या** | **गा.पा बाट सिर्जित थप करार/अस्थायी/ ज्यालादारी संख्या** | **कैफियत** |
| वडा सचिव | प्रशासन/सा.प्र. | १ | १ | | | पाँचौ |
| स.इन्जिनियर | ईन्जि/सिभिल | १ | | १ | १ | |
| भेटेरीनरी प्राविधिक | | | | | १ | |
| मेलमिलाप संयोजक | | | | | १ | |
| का स | | | | | ६ | |
| **जम्मा** | | **२** | **१** | **३** | ९ | |
| **वडा कार्यालय तर्फ (वडा नं.६)** | | | | | | |
| **पद** | **सेवा, समूह/उपसमूह** | स्वीकृत दरवन्धी संख्या | **पदपूर्ति संख्या** | **रिक्त संख्या** | **गा.पा बाट सिर्जित थप करार/अस्थायी/ ज्यालादारी संख्या** | **कैफियत** |
| वडा सचिव | प्रशासन/सा.प्र. | १ | १ | | | पाँचौ |
| स.इन्जिनियर | ईन्जि/सिभिल | १ | | १ | १ | |
| भेटेरीनरी प्राविधिक | | | | | १ | |
| मेलमिलाप संयोजक | | | | | १ | |
| का स | | | | | ३ | |

| जम्मा | २ | १ | ३ | ६ | |
|---|---|---|---|---|---|

- **निर्णय उपर उजुरी सुन्ने अधिकारी:**

यस गाँउपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि गाँउपालिका प्रमुख प्रशासकीय अधिकृतबाट गुनासो सुनुवाईको लागी अधिकृत श्री **शोभा पौडेल** लाइ तोकिएको ।

- **सम्पादन गरेको कामको विवरण:**

यस गाँउपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा गाँउपालिकाले यस आर्थिक वर्षको **२०८३ बैशाख १ गते देखि २०८३ असार** मसान्त सम्म देहाय बमोजिमको कार्यहरु सम्पन्न गरेको छ ।

## ❖ .स्वास्थ्य शाखा

**जानकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**स्वास्थ्य शाखा,मानपुर बाँके**
**आ.व.२०८२/०८३ बैशाख महिना देखि अषाढ महिना सम्म**

| सी.नं. | विवरण | | सेवा पाएको संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | जम्मा OPD बाट सेवा दिएको बिरामीहरुको संख्या | महिला | ४२८५ | |
| | | पुरुष | ३६२८ | |
| | | जम्मा | ७९१३ | |
| २ | पूर्ण खोप पाएका बालबालिकाहरुको संख्या | | २४३ | |
| ३ | पहिलो पटक जांच गरेको गर्भवतीहरुको संख्या | | ३२१ | |
| ४ | प्रोटोकल अनुससार ४ पटक जांच गरेको गर्भवतीहरुको संख्या | | १८९ | |
| ५ | प्रोटोकल अनुससार ८ पटक जांच गरेको गर्भवतीहरुको संख्या | | १५७ | |

| | | | | |
|---|---|---|---|---|
| ६ | १८० अईरन चक्की पाएको सुत्केरी महिलाहरुको संख्या | | **१९७** | |
| ७ | बर्थिंग सेन्टरबाट सुत्केरी भएको संख्या | | **७९** | |
| ८ | घरमा २ पटक (दोस्रो र तेस्रो पटक) PNC जांच गरेको संख्या | | **१६०** | |
| ९ | ४ पटक (२४ घण्टामा, ३ दिनमा, ७ देखि १४ दिन भित्र र ४२ दिन)PNC जांच गरेको संख्या | | **२०४** | |
| १० | ग्रामिण अल्ट्रासाउन्ड मेसिन बाट गर्भवती जांच गरेको संख्या | | **१२१** | |
| ११ | अईरन चक्की खाएका किशोरीहरुको संख्या | १३ हप्ता सम्म | **०** | |
| | | २६ हप्ता सम्म | **१४८२** | |
| १२ | ०-११ महिना सम्मको बृद्दिअनुगमन सेवा लिएको संख्या | | **२५२६** | |
| १३ | १२-२३ महिना सम्मको बृद्दिअनुगमन सेवा लिएको संख्या | | **२४०१** | |
| १४ | जन्मेको ६ महिना सम्म स्तनपान मात्र गराएका बच्चा संख्या | | **३००** | |
| १५ | गर्भपतन सेवा पाएका महिलाहरुको संख्या | | **२८** | |
| १६ | मलेरिया जांच गरिएको संख्या | | **४३०** | |
| १७ | नयाँ क्षयरोगि बिरामीहरुको संख्या | | **१७** | |
| १८ | नयाँ कुष्ठरोगी बिरामीहरुको संख्या | | **१** | |
| १९ | परिवार नियोजन सेवा | डिपो | **९०१** | |
| २० | | पिल्स | **६०४** | |
| २१ | | IMPLANT | **८३७** | |
| २२ | | कण्डम | **१६८** | |
| २३ | | IUCD | **११९** | |
| २४ | मृगौला प्रत्यारोपण गरेका /डायलाईसिस गराईरहेका /क्यान्सर रोगि /मेरुदण्ड पक्षघातका बिरामीहरुलेऔषधि उपचार बापत मासिक रु ५००० का दरले पाएका बिरामीहरुको संख्या | चौथो त्रैमासिक | **४५** | |

## ❖ योजना शाखा

| ❖ क्र.स | विवरण | सम्झौता भएका योजना | सम्पन्न भएका योजना | कैफियत |
|---|---|---|---|---|
| १ | उपभोक्ता मार्फत | ७७ | ७७ | |
| | वडा न. १ | २० | २० | |
| | वडा न. २ | १७ | १७ | |
| | वडा न. ३ | १४ | १४ | |
| | वडा न. ४ | २० | २० | |
| | वडा न. ५ | ११ | ११ | |
| | वडा न. ६ | १३ | १३ | |
| | अध्यक्ष कोष | ३१ | ३१ | |
| | पालिका स्तरीय | ८० | ८० | |
| | कोटेशन | १३९ | १३९ | |
| | संघसंस्था | ८९ | ८९ | |
| | ठेक्का मार्फत | ५ | ९ | ४ अघिल्लो आ.ब |
| | जम्मा | ५१६ | ५२० | |

**आ. ब. २०८२/०८३ ठेक्का बाट सम्मन्न योजना**

| क्र.स | योजनाको नाम | ठेक्का .न. | सम्झौता मिति | लागत अनुमान | कबोल अंक भ्याट बाहेक | निर्माण व्यवसायको नाम | सम्पन्न मिति | अनुदान |
|---|---|---|---|---|---|---|---|---|
| १ | वडा न.०६ आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण | JANAKI/W/BUILDING/-NCB-04/2081/082 | ,२०८२/०३/१३ | ३८८०४६४.३४ | २३४१६५०.३ | y. And V.Infra Multipltipurpose pvt.Ltd. | ,2083/01/28 | संघिय शसर्त |
| २ | आधारभूत तथा आकस्मिक स्वास्थ्य | JANAKI/GOOD/MEDICINE/NCB/-01/2082/083 | ,२०८२/०८/०१ | २२४६९१७.१९ | २२१९५२३.५ | श्री मेरिगोल्ड इन्टरनेसनल | ,२०८२/०८/११ | संघिय शसर्त |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सेवाको लागि औषधि खरिद | | | | | मध्यथिमी -०१,भक्तपुर | | |
| ३ | जानकी गाउँपालिकामा बिपन्न नागरिक हरुलाई आवास निर्माण - | JANAKI/W/ROAD/NCB-2/2081/082 | ,२०८१/१०/२० | ३५८३२५७.४७ | २६०२७३९.२२ | श्री उत्सव निर्माण सेवा डुडुवा | ,२०८३/०३/२२ | प्रदेश सशर्त |
| ४ | kabul masijid madrass rajaye mustafa starunnati, janaki-1 banke | JANAKI/W/BUILDING/SQ/-NCB-05/2082/083 | ,2082/10/20 | 1418635.26 | 1259456 | श्री प्रभु डेभलपमेन्टबिल्डर्स खजुरा -०३ बाँके | ,२०८३/०२/२५ | प्रदेश सशर्त |
| ५ | पचपोखरा देखि बोडर सम्मको बाटो स्तरोन्नति | JANAKI/W/ROAD/NCB-01/2082/083 | ,२०८२/१०/२० | ३४९७५२१.४५ | १९९३८४९ | श्री सुर्य उदय निर्माणसेवाजानकी गा.पा. २ बाँके | ,२०८३/०२/२५ | प्रदेश समपुरक |
| ६ | Janaki -5 Baniya Gaun ko Jayram kandu ko Ghar Dekhi Napi Khatik ko Ghar samma ko sadak PCC Dhalan Yojana | JANAKI/W/ROAD/NCB/-03/2082/083 | ,2082/10/12 | 14999706.22 | 7975881.67 | श्री आर. जेकन्स्ट्रक्सन | ,२०८३/०३/१९ | प्रदेश सशर्त |
| ७ | paraspur gaunghat bata dekhi kalikapurwa gaun samma bato starunnati janakki-03 | JANAKI/W/SQ/NCB-02/2082/083 | ,2082/10/12 | 3499373.2 | 2131659.08 | श्री तिलक निर्माण सेवा जानकी-३ बाँके | ,२०८३/०३/१९ | प्रदेश सशर्त |
| ८ | Supply and Delivery of School FURNITURES In Three School of janaki | JANAKI/GOODS/SCHOOLS/NCB-02/2082/083 | ,२०८३/०१/०२ | ३०१३१०० | २०५४५०० | श्रद्धा सप्लायर्स कोहलपुर बम्के न.पा ११ बाँके | ,२०८३/०३/२० | |
| ९ | Budhiya Kabrastan Jane Bato Ma Culvert NIRMAN Babban kha | JANAKI/ROAD/SQ/-04-2082/083 | ,2083/01/09 | 1940852.25 | 1723895.8 | श्री प्रभु डेभलपमेन्टबिल्डर्स खजुरा -०३ बाँके | 3/8/2083 | अन्तरिक |

## ❖ .बाताबरण तथा बिपद शाखा

| | | | | |
|---|---|---|---|---|
| १७ | २०८३।०१।०३ | विपद राहत वितरण सम्बन्धी कार्यविधी,२०८३ | अध्ययनका लागि खाका पेश गरेको | पेश गरेको |
| १८ | २०८२।८३ | स्वत प्रकाशन | २ पटक प्रतिवेदन पेश गरेको | पेश गरेको |
| १९ | २०८२।८३ | विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन हाते पुस्तिका | शिक्षा र स्वास्थ्य शाखामा ईमेल मार्फत पठाई सकेको | विपद न्युनिकरणका लागि सहयोग पुग्ने |

## .महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाः-

| १ | कार्यक्रम विवरण | लागत | प्रगति | कैफिएत |
|---|---|---|---|---|
| २ | पालिका स्तिरय अपाङ्गता परिचयपत्र वितरण सम्वय समितिको बैठक तथा शिविर | २००,०००। | ६४जनाले सेवा लिएको जस्मा १९जना सा.सु.भत्ताको लागि दर्ता भएको | हालसम्म अपाङ्गता परिचयपत्र लिएको संख्या जम्मा-६४२ |
| ३ | बाल क्लबको | १००,०००। | सबै वडा तथा पालिका स्तरिय संजालको बैठक संचालन भई विभिन्न निर्णय भएको | सबै वडा तथा पालिका स्तरिय संजाल सक्रिय भएको |
| ४ | लैङ्गिक हिसा विरुद्ध १६ दिने अभियान | २०,०००। | घरेलु हिंसामा परेका र अति विपन्न महिला तथा अपाङ्गता भएका ३ जना लाई सहयोग | १३० के जी चामल, दाल ५ के जी,<br>तेल -१ कार्टुन, कपडा २ जोड,स्वयाविन -२के जी |
| ५ | घरेलु स्यानेटरी प्याड तालिम | २५०,०००। | ५ जना किशोरी लाई मेसिन सहित ७ दिने तालिम संचालन तथा उत्पादन गर्ने सिप सिकेको | सहभागी मध्ये गिता घर्तीले उत्पादन गरि विक्रि गरिराखेको। |
| ६ | आधारधुत व्युटिसिएन तालिम ४५ दिने | ४०००००। | १० जना  किशोरीहरुले सिप सिकको | २जना अरुको पार्लरमा काम गरिरहेको |
| ७ | अपाङ्गता भएका व्यत्तिहरुको लागि सहायक सामाग्री खरिद तथा वितर | ४,००,०००। | सम्झौता अनुरुप | १२ थान ह्विलचिएर-९थान ट्राईसाईकल-क्रचर १५ थान-१२ सेट बैशाखी-१५ थान सेतो छडी  खरिद भई ८ थान ह्विलचियर ९थान ट्राईसाईकल ५थान क्रचर ६थान बैशाखी र ५ थान सेतो छडी वितरण भईसकेको र अन्य बाँकी सामाग्री माग अनुसार वितरण हुने |
| ८ | लैङ्गिक हिंसा निवारण कोष तथा बाल कोष | १०००००। | संचालन भएको । | लैङ्गिक हिंसा निवारण कोष बाट-२ जनालाई सहयोग गरेको<br>८ जनालाई  बाल संरक्षण कोषबाट सहयोग गरेको |

## ❖ शिक्षा शाखा

| क्र स | प्रगति विवरण | प्रगति |
|---|---|---|
| १ | कक्षा १० को परीक्षा तयारीको लागि Pre Test सञ्चालन, मुल्यांकन र नतिजा विश्लेष्ण | माघ ११ गतेदेखि १९ गतेसम्म परीक्षा सञ्चालन र |
| २ | माध्यमिक शिक्षा परीक्षाको नियमित अनुगमन | चैत १९ देखि २६ गते सम्म निरन्तर |
| ३ | शैक्षिक सुधारको लागि प्रदेश, संघिय ईकाइ र  विभिन्न संघ संस्थाहरु सँग निरन्तर समन्वय र सहकार्य | निरन्तर |
| ४ | विद्यालय बाहिर रहेका बालबालिकाको घरधुरी सर्वेक्षण | ६ वटा वडामा |

## ❖ प्रधानमन्त्री रोजगार शाखा

- श्रम सवीकृती र पुन श्रम स्वीकृती -१० वटा
- मृत्यु क्षतिपूर्तीको लागि सिफारिस गरिएको ३ जना मध्य ३ जनाले नै वैदेशिक रोजगार वोर्ड बाट प्रत्यकले १० लाख प्राप्त गर्नु भएको
- छात्रवृति रकम प्राप्त — ८ जना (नि मा विमा अध्ययनरतले १२००० र मा वि मा अध्यनरतले १६०००को दरले ) प्राप्त गर्नु भएको ।
- विरामि तथा अङ्गभङ्ग सिफारिस -३
- स्वास्थ्य उपचार सहयोगको लागि सिफारिस - २
- मनोपरामर्श सेवा -७(**मनोपरामर्श सेवा बन्द -१२**)
- आन्तरिक रोजगारी प्रबर्द्धनका लागि वैदेशिक रोजगारी बाट फर्किएकाहरुलाई दिगो विकाश परियोजना संगको साझेदारिमा उध्यमशिलता प्रबर्द्धन कार्यक्रम सम्पन्न ।
- न्युनतम सय दिनको रोजगारीको लागि वडा नम्बर २ मा एन एन भट्टा देखि सलिम तेलीको घर सम्म बाटो मर्मत गर्ने काम तथा हक्कल खटिकको घर देखि गुडई कादुँको घर सम्म बाटो मर्मत गर्ने कामको लागि **रोजगार उपभोक्ता** समितीले रोजगारीमा खटिनु पूर्व अभिमुखिकरण लिई ५ जनाले १०० दिनको  रोजगारी प्राप्त ।
- समुदाय स्तरमा १८ वटा सुरक्षित वैदेशिक रोजगारीको लागि सुचना तथा गहन अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- स्थानिय तहमा वैदेशिक रोजगारी बाट फर्किएका व्यक्तिहरु संग वैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण र संजाल गठन कार्यक्रम सम्पन्न ।
- स्थानिय तहका विषयगत समिती/शाखा, श्रम तथा  रोजगार, स्वास्थ्य सहकारी, जे सी सम्पर्क व्यक्ति, रोजगार संयोजक, न्यायिक समिती, अनुगमन समित, सँग वैदेशिक रोजगारी सम्बन्धी सेवालाई संस्थागत गर्ने सम्बन्धमा अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सबै वडामा सम्पन्न ।
- रोजगार संवाद मञ्च सम्पन्न ।
- केश बन्द भएका सेवाग्राहीको केश अनुगमन गरेको।
- मानसिक स्वास्थ्य दिगोपना सम्बधीत पालिका स्तरिय अभिमुखिकरण कार्यक्रम सम्पन गरेको ।

## ❖ न्यायिक शाखा

हाल सम्मको मुद्दा दर्ता संख्या-४

हाल सम्म फर्छ्योट मुद्दा संख्या-१

## ❖ .कृषि शाखा

| क.सं. | स्वीकृत कार्यक्रम/क्रियाकलापको नाम | स्थान | यस त्रैमासिकको प्रगति(परिमाण) | खर्च बजेट (प्रतिशत) | भौतिक प्रति (प्रतिशत) | लाभान्वित संख्या/ मुख्य उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय तह रसायनिक मल व्यवस्थापन समिति बैठक | गाउँपालिका | ४ पटक | १००% | १००% | | |
| २ | रसायनिक मल वितरण | ६ वटै वडा | युरिया-२०४४ बोरा डी ए पी -२३६० बोरा पोटास-१२५ बोरा | | १००% | २६ वटा सहकारी मार्फत सबै वडाका किसानहरु | |
| ३ | सिंचित क्षेत्रमा चैते धान प्रवर्द्धन | १ र २ नं. वडा | ५५ कट्ठा | ६२.७०% | १००% | ७ जना किसानले बोरिङ, मोटर, रिपर, मिनिटिलर पाएको | |
| ४ | प्राविधिक सेवा दिएको | शाखाबाट | ३५ जना | नभएको | १००% | ३५ जना किसानहरुले कृषि सँग सम्बन्धित समस्याहरुको समाधान पाएको | |

## ❖ पशु शाखा

| सि.नं. | कार्यक्रम विवरण | ईकाइ | वर्षिक लक्ष्य | हाल सम्म को प्रगति | जम्मा कृषक संख्या लाभान्वीत | | जम्मा कृषक संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | |
| **१** | **उपचार सेवा कार्यक्रम** | **संख्या** | **१०२००** | **९,५७४** | **२३५६** | **२७४८** | **५१०४** |
| १.१ | मेडिकल उपचार | ,, | ८००० | ९,१५८ | २१९० | २४८९ | ४६७९ |
| १.२ | माईनर सर्जिकल उपचार | ,, | २००० | २६१ | ११९ | १६९ | २८८ |
| १.३ | गाईनेक्लोजिकल उपचार | ,, | २०० | १५५ | ४७ | ९० | १३७ |
| **२** | **प्रयोगशाला सेवा कार्यक्रम** | | **३** | **१५७** | **६५** | **१९१** | **२५६** |
| २.१ | गोवर परिक्षण | पटक | | १४३ | ६२ | १७२ | २३४ |
| २. | दुध परिक्षण | | | १४ | ०३ | १९ | २२ |
| **३** | **पशु बन्ध्याकरण सेवा** | **संख्या** | | **३२३** | **१९८** | **२००** | **३९८** |
| ४.१ | साँढे | ,, | ० | २८ | ११ | २२ | ३३ |
| ४.२ | राँगो | | ० | ० | ० | ० | ० |
| ४.३ | बोका | ,, | ० | ३०५ | १८७ | १७८ | ३६५ |
| ४.४ | थुमा | | ० | ० | ० | ० | ० |
| ४.५ | अन्य | | ० | ० | ० | ० | ० |

## .पंजीकरण शाखा

**मितिः२०८३ बैशाख ०१ देखि २०८३ असार मसान्त सम्म**

| क्र.स | विवरण |
|---|---|
| १ | वडाबाट आउने सा.सु भत्ता पत्राहरुलाई सिफारीस,पत्राचार,सूचना । |
| २ | जानकी गाउँपालिकाको वडाहरुमा सा.सु भत्ता र व्यक्तिगत घटना दर्ता भएका घटनाहरुको प्रतिबेदन लिने कार्य । |
| ३ | जानकी गाउँपालिकाको व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता सम्बन्धि कुनै समस्या भएमा शाखाबाट समधान गर्ने र राष्ट्रिय परिचयपत्र तथा पंजीकरण बिभागबाट सामान्य गरि समस्याको समाधान कार्य । |
| ४ | जानकी गाउँपालिकाको पंजीकरण शाखा सम्बन्धि भएको पत्रहरु वडाहरुमा पत्राचार कार्य |
| ५ | तेस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण कार्य भएसकेको छ । |
| ६ | चौथो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण कार्य भएरहेको छ । |

## ❖ .उद्यम विकास शाखा

- स्तर उन्नती तर्फ १० दिनको पुन ताजगीय डल कुसन तालिम र १ सेट सिलाई मेसिन प्रधान भएको.
- जानकी ३ र ४ मा सिप बिकास अन्तर्गत २ वटा सिलाईकटाई तालिम मा ४९ जना लाई संचालन भई सकेको र ४९ जना प्रबिधि हस्तान्तरण को काम सम्पन् भएको
- लघु वित्त र बजारीकरण पहूच मा सम्बध बिकाशको १ दिनको कार्यक्रम सम्पन्न गरि बजारीकरण सहयोग गरियको.
- स्तर उन्नती तर्फ ब्यबसाय गरीरहेका १० जना उधमिलाई १० दिनको डल कुसन तालिम र १ वटा सिलाई मेसिन हस्तान्तरण गरि सम्पन्न भएको

## ❖ .भूमि आयोग शाखा

| क्र.स. | कामको बिबरण | परिमाण | अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | वडा न. ५ मा नापनक्सा | ४२३ कित्ता | सम्पन्न | |
| २ | राम गाउँको नापी भएको कित्ताको GIS मा DATABASE तयार | १२४ कित्ता | सम्पन्न | |
| ३ | वडा न. ५ को जग्गाको प्रकृति पहिचान | ६७ कित्ता | सम्पन्न | |
| ४ | तेरो मेरो विवाद नापजाँच | ७ | सम्पन्न | २ बाकी |
| ५ | छुट तथ्यांक संकलन | ४२ | सम्पन्न | |
| ६ | सार्बजनिक जग्गा नापजाँच | ९ | सम्पन्न | |
| ७ | वडा न.०४ मा नापनक्साको तयारी | | | |

## ❖ .राजश्व व्यवस्थापन शाखा

FY : २०८२/८३ अवधी : २०८३/०१/०१-२०८३/०३/३२

| क्र.सं. | Revenue code | Revenue heading | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | १,०९,६०३.९६ | |
| २ | ११३१४ | भुमिकर/मालपोत | ९,३३,७४९.२६ | |
| ३ | ११३१७ | वहाल कर | २०,१२,१३१.३० | |
| ४ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ३००.०० | |
| ५ | ११६९१ | अन्य कर | ८२,७१५.०२ | |
| ६ | १४२१८ | विद्‌युत सेवा शुल्क | ८,०००.०० | |
| ७ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ६८,३००.०० | |
| ८ | १४२२१ | न्यायिक दस्तूर | १९,६६५.०० | |
| ९ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | २२,०००.०० | |
| १० | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १,२९,८४०.०० | |
| ११ | १४२४२ | नक्सापास दस्तुर | ३,११,७३५.४९ | |
| १२ | १४२४३ | सिफारिश दस्तुर | ७,८९,२५५.०० | |
| १३ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १,५९,६५०.०० | |
| १४ | १४२४५ | नाता प्रमाणित दस्तुर | ११,८७५.०० | |
| १५ | १४२४९ | अन्य दस्तुर | २९,०५०.०० | |
| १६ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २,३१,६३०.०० | |
| १७ | १४२६२ | विद्‌युत सम्बन्धी दस्तुर | १,४००.०० | |
| १८ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ४०,०००.०० | |
| १९ | १४६११ | व्यवसाय कर | ४,०३,१००.०० | |
| २० | १५१११ | बेरूजू | १,८३,३००.०० | |
| | | जम्मा | ५५,४७,३००.०३ | |

## ❖ .नापी शाखा

- नक्सा दर्ता = १९
- लप्निथ लेभल — २१ वटा
- सुपर स्ट्रक्चर = १२
- कार्य सम्पन्न = ६

## ❖ .जिन्सी शाखा

- फर्महरु सुचिकृत - १९२
- खरिद आदेश प्रतीबेदन - ४८
- दाखिला प्रतिबेदन — ३६
- मर्मत आदेश-२५
- हस्तान्तरण — २

## ❖ आर्थिक प्रशासन शाखा

आम्दानी -१५६६५१५१४.६८

खर्च - १८८०१३९७८.३९)

## ❖ सूचना शाखा

- कार्यालयको IT प्रणाली सञ्चालन तथा व्यवस्थापन गरेको।
- गाउँपालिकाको कम्प्युटर, प्रिन्टर, नेटवर्क, सर्भर तथा अन्य IT उपकरण जडान, सञ्चालन र मर्मत व्यवस्थापन गरेको।
- गाउँपालिकाको कार्यालय,वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुको इन्टरनेट तथा नेटवर्क सुरक्षा व्यवस्थापन गरेको।
- गाउँपालिकाको कार्यालय,वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा ई-हाजिरी प्रणाली पूर्ण रुपमा व्यवस्थापन तथा संचालन गरेको ।
- कार्यपालिका बैठकको माइन्युट तयार पार्न प्राविधिक सहयोग गरेको साथै वेभसाइटमा अपडेट गरेको।

- गाउँसभा बैठकको माइन्युट तयार पार्न प्राविधिक सहयोग गरेको साथै वेभसाइटमा अपडेट गरेको।
- कार्यालयका सफ्टवेयर तथा सूचना प्रणाली सञ्चालन, व्यवस्थापन र आवश्यक परे विकास/अपडेट गरेको।
- डाटा व्यवस्थापन, ब्याकअप तथा सुरक्षा सुनिश्चित गरेको।
- कार्यालयको वेबसाइट, इमेल तथा सामाजिक सञ्जाल व्यवस्थापन गरेको।
- कर्मचारीलाई कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी प्राविधिक सहयोग उपलब्ध गराएको।
- डिजिटल सेवा तथा ई—गभर्नेन्स कार्यान्वयन गरेको।

**(१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः**

क) कार्यालय प्रमुखको नाम : परशुराम उपाध्याय

पद : प्रमुख प्रशासकीय अधिकृत

इमेल ठेगाना : cao@janakimunbanke.gov.np
सम्पर्क नम्बर : 9858043121

ख) सूचना अधिकारीको नाम : शोभा पौडेल

पद : प्रशासकीय अधिकृत सातौं

सम्पर्क नम्बर :९८५८०४३१६४

इमेल ठेगाना :suchanaadhikari@janakimunbanke.gov.np

**(११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूचीः**

जानकी गाउँपालिका सँग सम्बद्ध संघीय र प्रदेश कुन बाहेकका स्थानीय ऐन,नियमावली, विनियम, कार्यविधी, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची जानकी गाउँपालिको वेबसाइट https://janakimunbanke.gov.np// मा राखिएको छ ।

**(१२) तोकिए बमोजिमको अन्य विवरणः**

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत जानकी गाउँपालिका https://janakimunbanke.gov.np// मा राखिएको छ । त्यसैगरी मोवाईल एप, फेसवुक पेज लगायतको व्यवस्था समेत गरिएकोछ